# रुरुक्षेत्र गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धिरेबैंसी,गुल्मी

प.सं. : ०८१/०८२
च.नं. :

लुम्बिनी प्रदेश ,नेपाल


## विषय विज्ञमा सूचीकृत हुन आवेदन पेस गर्ने सम्बन्धी सार्वजनिक सूचना ।

सूचना नं. १६

(प्रथम पटक प्रकाशित मिति : २०८१/५/२५)

रुरुक्षेत्र गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८१/४/२५ गतेको निर्णयानुसार यस गाउँपालिका अन्तर्गत संचालनमा रहेका सामुदायिक विद्यालय तथा सिकाई केन्द्रमा रिक्त रहेका/हुने स्वीकृत दरवन्दी,राहत,अनुदान तथा शिक्षण सहयोग अनुदान कोटाको शिक्षक,वालविकास सहजकर्ता,विद्यालय कर्मचारी र सिकाई केन्द्रको परिचालकहरुको करार नियुक्तिका लागि सिफारिस गर्न शिक्षा नियमावली,२०५९ को नियम ९६ (क) तथा रुरुक्षेत्र गाउँपालिकाको शिक्षा ऐन,२०७५ को दफा २३ बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समितिमा रहि विषय विज्ञका रुपमा कार्य गर्न इच्छुक देहायको योग्यता पुगेका रुरूक्षेत्र गाउँपालिकाभित्र कार्यरत स्थायी शिक्षकहरु मध्येबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र)दिन भित्रमा शिक्षा युवा तथा खेलकुद शाखामा आवेदन पेस गर्नु हुन सम्बन्धित सबैमा यो सूचना सार्वजनिक गरिएको छ ।

| क्र.सं. | तह | विषय | अनुभव | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | आधारभूत तह(१-५)को विषय विज्ञको लागि | - | निम्न माध्यमिक तह वा माध्यमिक तहमा कम्तिमा ३ वर्ष स्थायी सेवा गरेको | कुनै विषयमा स्नातक उतीर्ण भएको र अध्यापन अनुमति पत्र प्राप्त |
| २ | आधारभूत तह(६-८)को विषय विज्ञको लागि | सम्बन्धित तहको मूल विषयहरु : नेपाली,विज्ञान,गणित, अँग्रेजी र सामाजिक | माध्यमिक तहमा कम्तिमा ३ वर्ष स्थायी सेवा गरेको | सम्बन्धित मूल विषय लिई स्नातक उतीर्ण र अध्यापन अनुमति पत्र प्राप्त |
| ३ | माध्यमिक तह(९-१०)को विषय विज्ञको लागि | सम्बन्धित तहको मूल विषयहरु : नेपाली,विज्ञान,गणित, अँग्रेजी र सामाजिक | सम्बन्धित तह वा माथिल्लो तहमा कम्तिमा ३ वर्ष स्थायी सेवा गरेको | सम्बन्धित मूल विषय लिई स्नातकोत्तर उतीर्ण र अध्यापन अनुमति पत्र प्राप्त |
| ४ | माध्यमिक तह(११-१२)को विषय विज्ञको लागि | सम्बन्धित तहको विषयहरु : | सम्बन्धित तह वा माथिल्लो तहमा ३ वर्ष देखि निरन्तर सेवारत रहेको | सम्बन्धित विषय लिई स्नातकोत्तर उतीर्ण भएको र अध्यापन अनुमति पत्र प्राप्त |
| ५ | माध्यमिक तह(९-१२)को सबै तहको प्रशिक्षक पदको विषय विशेषज्ञको लागि | सम्बन्धित तहको विषयहरु : | सम्बन्धित तह वा माथिल्लो तहमा ३ वर्ष देखि निरन्तर सेवारत शिक्षकहरु वा सम्बन्धित विषय क्षेत्रसंग सम्बन्धित सरकारी कार्यालमा कार्यरत राजपत्रांकित तृतीय श्रेणी वा सो सरह र सो भन्दा माथिल्लो पदमा कार्यरत स्थायी कर्मचारीहरु | सम्बन्धित विषय लिई स्नातक वा स्नातकोत्तर उतीर्ण भएको |
| ६ | माध्यमिक तह (९-१२)को विद्यालय सहायक कर्मचारी(लेखा पाल) | - | सम्बन्धित तह वा माथिल्लो तहमा ३ वर्ष देखि निरन्तर सेवारत रहेको | लेखा विषयमा कम्तिमा स्नातक उतीर्ण भएको र अध्यापन अनुमति पत्र प्राप्त |

प.सं. : ०८१/०८२
च.नं. :

| | | | | |
|---|---|---|---|---|
| ७ | पुर्व प्राथमिक तह –वालविकास सहजकर्ता ( विशेषज्ञ) | - | प्राथमिक वा निम्न माध्यमिक वा माध्यमिक तहमा कम्तिमा ३ वर्ष स्थायी सेवा गरेको | कुनै विषयमा कम्तिमा स्नातक उतीर्ण भएको र अध्यापन अनुमति पत्र प्राप्त |
| ८ | विद्यालय सहयोगी ( विशेषज्ञ) | - | प्राथमिक वा निम्न माध्यमिक वा माध्यमिक तहमा कम्तिमा २ वर्ष स्थायी सेवा गरेको | कुनै विषयमा कम्तिमा स्नातक उतीर्ण भएको र अध्यापन अनुमति पत्र प्राप्त |
| ९ | सिकाई केन्द्रका परिचालक ( विशेषज्ञ) | - | प्राथमिक वा निम्न माध्यमिक वा माध्यमिक तहमा कम्तिमा २ वर्ष स्थायी सेवा गरेको | कुनै विषयमा कम्तिमा स्नातक उतीर्ण भएको र अध्यापन अनुमति पत्र प्राप्त |

**दरखास्त दिने अन्तिम मिति :** २०८१/६/१५ गते कार्यालय समय भित्र

**आवेदन पेस गर्ने कार्यालय:** रुरुक्षेत्र गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा,घिउबेंसी,गुल्मी ।

**छनौट प्रक्रिया :** सम्बन्धित तह तथा विषयमा शिक्षक सेवा आयोगको नयाँ पाठ्यक्रम अनुसार २/२ सेट सामान्य परीक्षा(वस्तुगत)र बिषयगत परीक्षाको प्रस्नपत्र(हार्ड कपी र सफ्ट कपी)तथा उत्तर कुन्जिका सहित पेश गर्नुपर्नेछ।

**आवश्यक कागजात :** सम्बन्धित उम्मेदवारको तोकिएको ढाँचामा निवेदन,नेपाली नागरिताको प्रतिलिपि,अध्यापन अनुमति पत्र,स्थायी नियुक्ति पत्र र शैक्षिक योग्यताका प्रमाण पत्रहरु

**पुनश्च :** तोकिएको विषय तथा योग्यता भएका स्थायी सेवाबाट अवकास प्राप्त शिक्षक तथा क्याम्पसका प्राध्यापकहरु समेत सम्बन्धित तहको उम्मेद्वार हुन सक्नेछन् । यस अघि विषय विज्ञमा सूचीकृत शिक्षकहरुले समेत आफ्नो अद्यावधिक विवरण सहित आवेदन पेस गर्नुपर्नेछ ।

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

विषय विज्ञमा सूचीकृत हुनका लागि दिइने आवेदन फारम -२०८१

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
रुरुक्षेत्र गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,घिउबेंसी,गुल्मी

विषय : विषय विज्ञको रुपमा सूचीकृत गरिदिनु हुन ।

प्रस्तुत विषयमा त्यस कार्यालयबाट प्रकाशित मिति २०८१/५/१२ को सूचना अनुसार सामुदायिक विद्यालय तथा सिकाई केन्द्रमा रिक्त रहेका/हुने स्वीकृत दरवन्दी,राहत,अनुदान तथा शिक्षण सहयोग अनुदान कोटाको शिक्षक,वाल विकास सहजकर्ता,विद्यालय कर्मचारी र सिकाई केन्द्रको परिचालकहरुको करार नियुक्तिका लागि सिफारिस गर्न प्रचलित कानुन अनुसार गठन हुने शिक्षक तथा कर्मचारी छनौट समितिमा रहि विषय विज्ञको रुपमा कार्य गर्न इच्छुक भएकाले सूचीकृत गरिदिनु हुन निम्नानुसारको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी निवेदन पेस गरेको छु ।

विषय विज्ञको रुपमा सूचीकृत हुन चाहेको तह :(चिनो लगाउनुहोस्)

सिकाई केन्द्रको परीचालिका/वालविकास सहजकर्ता/विद्यालय सहायक/विद्यालय सहयोगी/आधारभूत तह(१-५)/आधारभूत तह (६-८)/माध्यमिक तह(९-१०)/माध्यमिक तह(११-१२)

१.नाम थर : ................................................................................................................

२.स्थायी ठेगाना : ........................................................................................................

३.कार्यरत विद्यालयको नाम,ठेगाना : ..........................................................................

४.पछिल्लो स्थायी नियुक्ति मिति : .............................................................................

५ शैक्षिक योग्यताको विवरण :

| क्र.सं. | शैक्षिक उपाधी | मुख्य विषय | श्रेणी | उतीर्ण वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

६ .शिक्षण अनुभव :

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | देखि | सम्म | शिक्षण गरेको विषय | शिक्षण गरेको तह र कक्षा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

माथि उल्लेखित वेहोरा ठिक साँचो हो फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

दस्तखत : ..................

सम्पर्क मो.नं. : ....................

ईमेल ठेगाना : ........................................

यस आवेदन फारमसाथ पेस गर्नुपर्ने कागजातहरु :

१.नेपाली नागरिताको प्रतिलिपि

२अध्यापन अनुमति पत्रको प्रतिलिपि

३ स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि

४ शैक्षिक योग्यताका प्रमाण पत्र प्रतिलिपि